नेपाल सरकार

# रक्षा मन्त्रालय

मिति: २०८२/११/०८

## मन्त्रालयबाट सम्पादित कार्यहरूको मासिक प्रगति विवरण

**आ. व. २०८२/८३** **महिना: माघ**

### क. प्रशासन महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | **कर्मचारी प्रशासन शाखा** | - नेपाल सरकारका मुख्य सचिवज्यूको अध्यक्षतामा मिति २०८२/१०/०६ गते तथा विगतमा भएका सचिव बैठकहरूबाट भएको निर्णयहरूको कार्यान्वयन प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नियमित रूपमा पठाइएको,<br>- यस मन्त्रालयसँग सम्बन्धित नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूको २०८२ पुस मसान्तसम्मको कार्यान्वयन अवस्थाको प्रगति विवरण मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणाली (CDIMS) मा प्रविष्टि गरी प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- नेपाली सेनाबाट सिफारिस भईआएबमोजिम नियमित बढुवा, सरूवा, पदावधि थप, राजीनामा लगायत कार्यसम्पादन गरिएको (नियमित बढुवा ४ जना, सरूवा २७ जना, पदावधि थप ३ जना र राजीनामा २१ जना), |
| २. | **शासकीय सुधार तथा मानव संसाधन विकास शाखा** | - मन्त्रालयले नेपाली सेनातर्फ (सकलदर्जा) ४८ जना (तालिम, सेमिनार/कन्फरेन्स/वर्कसप/कार्यक्रम, भ्रमण, खेलकुद) को वैदेशिक भ्रमणको लागि मनोनयन गरिएको। साथै मनोनीत उम्मेदवारका आश्रित परिवारका सदस्य ६ जनाको लागि भिसा समेत सिफारिस गरिएको,<br>- आ.व. २०८२/८३ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत पहिलो चरणको "कर्मचारीको उत्प्रेरणा तथा मनोबल अभिवृद्धिका लागि सकारात्मक सोच, आध्यात्मिक चिन्तन, योग तथा ध्यान, पुनर्ताजगी कार्यक्रम" मिति २०८२/१०/१५ गते रक्षा सचिवज्यूको अध्यक्षता तथा जीवन विज्ञानका प्रशिक्षक श्री रमेश नेपालज्यूको समुपस्थितिमा |

| | | |
|---|---|---|
| | | मन्त्रालयका कर्मचारीहरू लगायत ९० जना सहभागी भै सम्पन्न गरिएको,<br>- रक्षा मन्त्रालयका प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा गठित शासकीय सुधार एकाइको बैठक सहसचिव श्री मनोजकुमार आचार्यज्यूको संयोजकत्वमा मिति २०८२ साल माघ २७ गते बसेको, |

## ख. योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | **योजना तथा सैनिक कल्याण शाखा** | - चालु आ.व. को दोस्रो त्रैमासिक अवधिसम्मको प्रगति समीक्षा एवम् मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को बैठक सरोकारवाला निकायहरूको सहभागितामा मिति २०८२/१०/२९ गते सम्पन्न गरिएको,<br>- मन्त्रालयबाट स्वीकृत तत्काल सुधार कार्ययोजना,२०८२ अनुसार काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको हालसम्मको प्रगति अवस्थाको जानकारी तथा आगामी दिनमा गर्नुपर्ने सहजीकरणका सन्दर्भमा सम्बन्धित मन्त्रालयका सचिवज्यूहरू, निर्देशक समितिका पदाधिकारी एवम् आयोजना प्रमुखलगायतको उपस्थितिमा मिति २०८२/१०/२२ गते समन्वय बैठक सञ्चालन गरिएको। साथै जग्गा प्राप्ति, रुख कटान लगायतका आयोजनासम्बद्ध समस्या समाधानका लागि सहजीकरण गर्न सम्बन्धित मन्त्रालयहरूमा पत्राचार गरिएको,<br>- आगामी आ.व. २०८३/०८४ को बजेट तर्जुमा सम्बन्धमा अर्थ मन्त्रालयमा मिति २०८२/१०/२६ गते भएको पूर्व बजेट छलफलमा मन्त्रालयको तर्फबाट सहभागी भई महाशाखा प्रमुखबाट प्रस्तुतीकरण समेत गरिएको,<br>- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली २०७७ को व्यवस्था बमोजिम योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा प्रमुख श्री कृष्ण पौडेलको संयोजकत्वमा मिति २०८२/१०/२८ को निर्णयानुसार बजेट समिति गठन गरिएको,<br>- काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना अन्तर्गत प्याकेज नं. ९A र ९B को Master Procurement List कानुनबमोजिम अस्थायी पैठारी गर्ने सम्बन्धमा सहजीकरणका लागि अर्थ मन्त्रालयमा लेखी पठाइएको, |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | - मन्त्रालय अन्तर्गत सञ्चालित एवम् व्यवस्थित राष्ट्रिय गौरवको आयोजना काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको आगामी ३ वर्षको बहुवर्षीय स्रोत सुनिश्चितता सम्बन्धी विवरण राष्ट्रिय योजना आयोगमा पठाइएको,<br>- चालु आ.व. को प्रथम ६ महिनामा यस मन्त्रालय र अन्तर्गतबाट सम्पादन भएका कार्यक्रमहरूको अर्धवार्षिक प्रगति विवरण अर्थ मन्त्रालयमा पठाइएको,<br>- Kathmandu-Terai/Madhesh Fast Track (KTFT) मा काम गर्नका लागि ३० जना विदेशी नागरिकहरुको कार्य सहमति, ८ जनाको गैह्र पर्यटक भिसा प्राप्तिका लागि अध्यागमन विभाग र १३ जनाको श्रम इजाजतका लागि श्रम तथा व्यवसायजन्य सुरक्षा विभागमा सिफारिस गरिएको, |
| २. | **शान्ति सेना समन्वय तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा** | - संयुक्त राष्ट्र संघको आह्वानमा विभिन्न देशमा शान्ति स्थापना कार्य तथा अन्य विविध तालिमहरूमा सहभागी हुनको लागि नेपाली सेनाबाट छनौट भई सिफारिस भएका जम्मा ७०७ जना विभिन्न दर्जाको मनोनयन स्वीकृत र ५१७ जनाको विशेष राहदानी सिफारिस गरिएको, |
| ३. | **सूचना विश्लेषण तथा विपद् व्यवस्थापन शाखा** | - सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले गरेको व्यवस्था बमोजिम आ.व. २०८२/०८३ को दोस्रो त्रैमासिक अवधिमा मन्त्रालबाट भए गरेका कामको प्रगति विवरण (Pro-active Disclosure) मन्त्रालयको वेबसाइट (https://www.mod.gov.np/) मार्फत सार्वजनिक गरिएको,<br>- सुरक्षा जर्नल २०८२ वर्ष ६ अङ्क १ को लागि हालसम्म २० जना लेखकहरुबाट प्राप्त लेखहरू सङ्कलन गरिएको,<br>- सुरक्षा जर्नल २०८२ वर्ष ६ अङ्क १ सम्पादक मण्डलको मिति २०८२/१०/१४ गते बैठक बसी लेख रचनाको Plagiarism Report प्राप्त भए पछि पुनः सबै लेख रचनामा छलफल गरी उठान भएका विषय उल्लेख गरी लेखकहरूलाई आवश्यक परिमार्जनका लागि लेखी पठाइएको,<br>- मन्त्रालयको महाशाखागत तथा शाखागत कार्यसम्पादन अवस्थाको पुस महिनाको तथ्यांक (GIOMS रिपोर्टमा आधारित) तयार गरिएको,<br>- एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) प्रयोगको अवस्था, प्रयोगमा देखिएका प्रमुख समस्याहरू र पूर्ण रूपमा प्रयोग गर्नका लागि |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | गर्नुपर्ने सुधारहरूसहितको विवरण सङ्कलन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- सरुवा भै आउनु भएका ४ जना नयाँ कर्मचारीहरूको एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) प्रयोगकर्ता सिर्जना, सेटअप, भूमिका व्यवस्थापन लगायत कार्य र Digital Signature सेटअप गर्ने कार्यमा आवश्यकता अनुसार सहजीकरण गरिएको,<br>- मन्त्रालयको वेबसाइट (https://www.mod.gov.np/) नियमित अद्यावधिक गरिएको, |

## ग. कानून महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | **कानून तथा फैसला कार्यान्वयन शाखा** | - “**सैनिक सेवा (छैटौं संशोधन) नियमावली, २०८२**” को संशोधित मस्यौदा मिति २०८२/१०/०९ मा सहमतिको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको,<br>- “**राष्ट्रिय सेवा दल सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**” को संशोधित मस्यौदा मिति २०८२/१०/१० मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको,<br>- नेपाल सेनाका सैनिक व्यक्तिहरुको पदावधि थप र राजीनामा लगायत विषयमा कानूनी राय/परामर्श पेश गरिएको (१० वटा), |
| २. | **मानव अधिकार अनुगमन तथा गुनासो व्यवस्थापन शाखा** | - हेलो सरकारबाट प्राप्त नेपाली सेनासँग सम्बन्धित २ वटा गुनासोहरु गुनासो व्यवस्थापनका लागि नेपाली सेना, जङ्गी अड्डामा पत्राचार गरिएको,<br>- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय लगायत मार्फतबाट प्राप्त २ वटा निवेदन र १ वटा उजुरी तथा गुनासो आवश्यक कार्यार्थको लागि जङ्गी अड्डामा लेखी पठाइएको,<br>- हेलो सरकारबाट प्राप्त गुनासो सम्बन्धमा नेपाली सेनाबाट प्राप्त भएको जवाफ १ वटा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको, |

## घ. व्यवस्थापन महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | **आन्तरिक तथा अभिलेख व्यवस्थापन शाखा** | - संवत् २०८२ साल फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको सन्दर्भमा प्रभावकारी सुरक्षा प्रबन्ध, निर्वाचान सामग्रीको ढुवानी तथा सुरक्षा व्यवस्था गर्ने तथा नेपाली सेनामार्फत् सञ्चालन गर्ने गरी हवाई साधनहरूको व्यवस्थापन गर्ने सम्बन्धमा निर्वाचन आयोग, गृह मन्त्रालयसमेतसँग आवश्यक समन्वय एवं नेपाली सेनामा पत्राचार गरिएको,<br>- VVIP उडान तथा सुरक्षा प्रबन्ध (१९ पटक), हेली उद्धार (५ पटक) तथा ड्रोन उडानको सहमति (३ वटा) दिने सम्बन्धमा सम्बन्धित मन्त्रालय/निकायहरूसँग निरन्तर सहजीकरण गरिएको,<br>- मन्त्रालय परिसरको ढल व्यवस्थापनको स्थायी समाधानको लागि सम्बन्धित निकायसँग समन्वय गरिएको,<br>- मन्त्रालयको माघ महिनाको उच्च व्यवस्थापन समूह बैठक (SMT) र कर्मचारी बैठक सम्पन्न भएको,<br>- मन्त्रालयको लागि आवश्यक नियमित खरिद, जिन्सी व्यवस्थापन, सवारी साधन व्यवस्थापन, मर्मत सम्बन्धी कार्यहरू तथा मन्त्रालय परिसरको सरसफाई र सौन्दर्यीकरण सम्बन्धी कार्यहरू गरिएको, |
| २. | **आर्थिक प्रशासन शाखा** | - आर्थिक वर्ष २०८१/८२ को अन्तिम लेखापरीक्षण मिति २०८२/१०/२५ बाट सुरू भएको,<br>- २०८२ माघ महिनासम्म चालु खर्च ४०.२०% र पुँजीगत खर्च ८.७७% भएको, |
| ३. | **खरिद व्यवस्थापन शाखा** | - विभिन्न ५ जलविद्युत आयोजना, १ उद्योग तथा ३ सडक आयोजनाका लागि आवश्यक विष्फोटक पदार्थको खरिद/आयात, ढुवानी, भण्डारण तथा व्यवस्थापन सम्बन्धमा गृह मन्त्रालयमा राय/प्रतिक्रिया उपलब्ध गराउनुका साथै आवश्यक सहजीकरण गरिएको,<br>- नेपाली सेनासँग सम्बन्धित विभिन्न सामग्री आयात गर्दा भन्सार महशुल छुटका लागि सम्बन्धित निकायहरूमा सिफारिस गरिएको (८ वटा), |